# क्यासिनो पर्यटनको हब बन्दै भैरहवा बजार



भैरहवा(जस)-रुपन्देहीको सदरमुकाम भैरहवामा पछिल्लो समय क्यासिनो पर्यटनका कारण चहलपहल बढेको छ। क्यासिनोमा रमाउन आउने पर्यटकका कारण छिमेकी देशकै पुरानोमध्यको व्यापारिक केन्द्रका रुपमा परिचित भैरहवा बजारमा चहलपहल बढेको हो । भारतको सुनौली नजिकै रहेको भैरहवा क्षेत्रमा खुलेका क्यासिनोहरु पर्यटन तान्ने मुख्य मनोरञ्जनका साधनहरु बनेका स्थानीयको भनाइ छ । कोरोना भाइरसको सङ्क्रमणपछि अधिकांश पेसा, व्यावसायको आर्थिक गतिविधि प्रभावित भइरहेको अवस्थामा पछिल्ला समय यो बजार क्यासिनो पर्यटनबाट लाभान्वित भएको देखिन्छ ।

यसै सन्दर्भमा सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्य विशेषगरी भारतीय पर्यटक आकर्षित गर्न भैरहवास्थित क्यासिनोका कारण यस क्षेत्रमा सञ्चालित होटल, रेष्टुराँ तथा 'स्पा'लगायतका अन्य व्यापारसमेत लाभान्वित हुनपुगेको बताउछन् । क्यासिनोमा आउने पर्यटकले गर्दा यस क्षेत्रको समग्र व्यापार, व्यावसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभ पुगेको उल्लेख गर्दै अध्यक्ष आचार्यले भने, "नेपालमा पर्यटन प्रवर्द्धन गरी बढीभन्दा बढी पर्यटक भित्र्याउन सम्भावित क्षेत्रलाई सूक्ष्म रुपले विश्लेषण गर्दै आवश्यक नीतिगत व्यवस्था गरि नुपर्दछ । पछिल्लो समय फस्टाएको क्यासिनो पर्यटनबाट भैरहवा क्षेत्र लाभान्वित भएको छ, समग्र व्यवसायीका लागि यो खुसीको विषय हो ।"

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेश सरकारका सदस्य राजेश महोत्रा कामको खोजीमा हरेक दिन युवा विदेशिनुपरेको अवस्थामा स्वदेशमै रोजगार दिन सफल क्यासिनो व्यवसायलाई थप चलायमान बनाउन सरकारको महत्वपूर्ण भूमिका हुने बताउछन् । पर्यटकलाई मनोरञ्जन दिन सफल यो व्यवसायलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सके मुलुकको समग्र पर्यटनक्षेत्रमा थप टेवा पुग्ने बताउँदै सदस्य महोत्राले भने, "भैरहवा अहिले क्यासिनोको 'हब' बन्नु पर्यटन क्षेत्रका लागि ठुलो उपलब्धिसहित सकारात्मक सन्देश हो, यस व्यवसायलाई अझ विस्तार गर्न सक्नुपर्दछ ।"

यसैगरी पर्यटन व्यवसायी अमित गुप्ता पर्यटकीय गन्तव्यका रुपमा नेपाल विश्वमै प्रख्यात रहेको सन्दर्भमा क्यासिनो पर्यटनको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिन्छन् । क्यासिनो व्यावसायीलाई संस्थागत गर्नका लागि निजी क्षेत्र र सरकारी निकायले सहकार्य गर्न जरुरी रहेको उल्लेख गर्दै क्यासिनो सञ्चालनका लागि सुरक्षा व्यवस्थासहित आवश्यक नीतिगत व्यवस्था भए उल्लेखनीय मात्रामा राजस्व सङ्कलन हुने र व्यावसायी पनि लाभान्वित हुने धारणा व्यक्त गर्छन् । हाल भैरहवामा आठ र बुटवलमा एक गरी यस क्षेत्रमा नौ वटा क्यासिनो सञ्चालनमा आएका छन् भने थप दुई वटा क्यासिनो खुल्ने तयारीमा रहेको जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले जनाएको छ । भैरहवा क्षेत्रमा सञ्चालित क्यासिनोमा अहिले करिब दुई हजारभन्दा बढिले रोजगारी पाएका छन् ।

# नेप्से सूचकांक सामान्य अंकले बढ्यो



काठमाडौं(जस)-साताको दोस्रो कारोबार दिन सोमबार शेयर बजार परिसूचक नेप्से सामान्य अंकले बढेर बन्द भएको छ । सोमबार नेप्से सूचकांक १.५३ अंकले बढेर २,६९५.७३ विन्दुमा पुगेको छ, जुन ०.०५ प्रतिशतको वृद्धि हो। सोमबार सेन्सेटिभ इण्डेक्स शून्य दशमलव १६ प्रतिशत, सेन्सेटिभ फ्लोट इण्डेक्स शून्य दशमलव ०४ प्रतिशतले घटेको छ भने फ्लोट इण्डेक्स शून्य दशमलव ०५ प्रतिशतले बढेको छ। सोमबारको कारोबारमा कुल ३३० कम्पनीका १ करोड ७५ लाख ७ हजार ७७६ कित्ता शेयर किनबेच भएका छन् ।

यसबाट कुल कारोबार रकम ८ अर्ब २२ करोड ३९ लाख ६५ हजार ६६९ रुपैयाँ पुगेको छ। बजारमा कुल ९१ हजार ६१ पटक कारोबार भएको छ। यसदिन ११४ कम्पनीको शेयर मूल्य बढेको छ भने १३४ कम्पनीको घटेको छ । १३ कम्पनीको शेयर मूल्य स्थिर रहेको छ । सोमबारको कारोबारमा एसवाइ प्यानल, श्रीनगर एग्रिटेक, हिमस्टार उर्जाको शेयर मूल्य १० प्रतिशतले बढेका छन् ।

एसवाइ प्यानलको शेयर मूल्य २,०३०.७० रुपैयाँ पुगेको छ भने श्रीनगर इग्रिटेकको शेयर मूल्य १,४७८.४० रुपैयाँ पुगेको छ । कारोबार रकमको आधारमा आँखुखोला जलविद्युत कम्पनीको शेयर अग्रस्थानमा रहेको छ। उक्त कम्पनीको ४१ करोड ४९ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ । १३ उपसमूहमध्ये ५ उपसमूहको परिसूचक बढेको छ भने ७ उपसमूहको परिसूचक घटेको छ। होटल तथा पर्यटन उपसमूहका परिसूचक सर्वाधिक १.७७ प्रतिशत बढेको छ।

# भारतको बजेटबाट नेपालले पर्यटन र व्यापारलगायतमा लाभ लिनसक्छ : अध्यक्ष केसी




काठमाडौं(जस)-नेपाल-भारत चेम्बर अफ कमर्स एन्ड इन्डिस्ट्री (निक्की)का अध्यक्ष सुनिल केसीले भारत सरकारले आर्थिक वर्ष २०२६-२७ का लागि ल्याएको बजेटमा भएका व्यवस्थाका कारण नेपालले विभिन्न क्षेत्रमा लाभ लिन सक्ने धारणा राखेका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले सोमबार यहाँ आयोजना गरेको अन्तरक्रियामा अध्यक्ष केसीले भारत सरकारले बजेटले कुल ग्रार्हस्थ्य उत्पादनमा सात प्रतिशत वृद्धिको लक्ष्य लिएकाले नेपालका निर्यात उद्योग थप स्थिर र विस्तार हुने बताएका हुन् । उनले बजेटका कारण नेपालमा उत्पादन, रोजगारी र निर्यात आम्दानीमा सकारात्मक प्रभाव पर्ने बताए ।

साथै भारतले आफ्नो सार्वजनिक पुँजीगत खर्च रु १२.२ ट्रिलियनसम्म बढाउनुले पूर्वाधार र लजिस्टिकमा सुधार गर्दै नेपाल-भारत व्यापारलाई थप सहज, सस्तो र प्रतिस्पर्धी बनाउने उनको भनाइ छ। उनले स्वास्थ्य, पर्यटन, आयुष योजना, शिक्षालगायतका क्षेत्रमा भने दुवै मुलुकले लाभ लिनसक्ने पनि देखिएको उल्लेख गरे । 'भारतको उत्पादन विस्तार र आधुनिकता दुवै देशका लागि अवसर र चुनौती हुन्, बजेटमा भएका व्यवस्थाले नेपालमा उत्पादन भएका वस्तुको आपूर्ति र जनशक्तिका लागि अवसरका ढोका खोल्नेमा हाम्रो विश्वास छ', उनले भने । भारत सरकारले बजेटमा पूर्व-पश्चिम करिडोर र कोस्टल लजिस्टिकमा जोड दिए पनि नेपालको उत्तर-दक्षिण अन्तरआबद्धतालाई विशेष ध्यान नदिएको उनको भनाइ थियो ।

भारतले बजेटमार्फत नेपालतर्फको विकास सहायता एक अर्ब भारुले बढाएर आठ अर्ब भारु पुऱ्याएको उल्लेख गर्दै भारतले लिएको छिमेकी पहिलो नीतिले सार्थकता पाएको उनले उल्लेख गरे । वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट शेषमणि दाहालले भारत सरकारको बजेटमा भएका व्यवस्थाका कारण नेपालले कृषि, पर्यटन, क्लाउड सेवालगायतका क्षेत्रबाट लाभ लिन सक्नेमा धारणा राखे । 'भारतले कृषि क्षेत्रमा १।६३ लाख करोड भारु विनियोजन गर्दै प्रविधि र उच्च मूल्यका बालीमा जोड दिएको छ । तर भारतले मलमा अनुदान घटाउँदा मलको खुद्रा मूल्यवृद्धि हुनसक्न सक्छ, नेपालका किसानले अनौपचारिक रुपमा आयात गर्ने युरिया, डिएपी जस्ता मलहरु महँगो भएर किसान खर्च बढाउनसक्छ', उनले भने ।

भारतको कृषिमा हुने प्रविधिको विकासले नेपालमा सस्तो बीउ र आधुनिक कृषि उपकरणको उपलब्धता सहज बनाउन सक्ने उनको भनाइ छ । साथै भारतीय किसानले पाउने ठूलो अनुदान र प्रविधिका कारण त्यहाँका उत्पादन सस्तो हुने, जसले गर्दा नेपाली किसानले आफ्नै बजारमा भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने जोखिम पनि रहने उनको बुझाइ छ । साथै डिजिटल भन्सार प्रक्रियालाई दुई वर्षभित्रमा पूर्ण रुपमा डिजिटल र पेपरलेस बनाउने भारत सरकारको नीतिले सीमा हुने ढिलाइ कम गर्ने र नेपाली आयातकर्ता र निर्यातकर्ता दुवैलाई राहत मिल्ने दाहालले बुझाइ छ ।

'भारतले बजेटमार्फत सात नयाँ हाई स्पिड रेल करिडोर घोषणा गरेको छ, यसले नेपालसँगको सीमावर्ती व्यापारिक केन्द्रमा लजिस्टिक सहज बनाउनेछ' उनले भने । त्यसैगरी भारतले सूचना प्रविधिमा सेफ हार्बर सफ्टवेयर विकास तथा अध्ययन अनुसन्धानमा जोड दिएकाले नेपालको बजारलाई चुनौती बन्न सक्ने दाहालको विश्लेषण छ। भारतले बजेटमार्फत भारतमा रहेका डाटा सेन्टरमार्फत विश्वव्यापी क्लाउड सेवा दिने विदेशी कम्पनीलाई सन् २०४७ सम्म आयकर छुट दिने घोषणाले नेपालबाट दक्ष जनशक्ति पलायन हुने जोखिम बढे पनि नेपाली स्टार्टअपहरुले भारतको सस्तो क्लाउड पूर्वाधार प्रयोग गर्ने अवसर पाउने उनको भनाइ थियो ।

**माईग्रेसन हराएको सूचना**

मिति २०८२ साल भदौ १५ गते माछापोखरी देखि बागबजारसम्म आउने क्रममा मेरो निम्न विवरण भएको 10+2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकीमा बुझाईदिनुहुन अनुरोध गर्दछु।

नाम : **ख्यामराज शाही**
रजिष्ट्रेसन नं : ७५६०२४०३१
सिम्बोल नं : २६०००९७
Pass Year : २०७६
सम्पर्क नं : ९८६०३३४१०१

# कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन सञ्चालनमा

काठमाडौं(जस)-नेपाल विद्युत् प्राधिकरणले कर्णाली प्रदेशमै पहिलो पटक १३२ केभी प्रसारण लाइन सञ्चालनमा ल्याएको छ । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले कोहलपुर-सुर्खेत-दैलेख १३२ केभीप्रसारणलाइनआयोजनाअन्तर्गतको कोहलपुर(सुर्खेत १३२ केभी प्रसारण लाइन सञ्चालनमा आएसँगै उक्त प्रदेशको आर्थिकवृद्धिमा मद्दत पुग्ने विश्वास गरे ।

उनले विगतमा ३३ केभी क्षमताको प्रसारण लाइनबाट कर्णाली प्रदेशमा विद्युत् आपूर्ति भइ ओभरलोड हुने, छिनछिनमा बत्ती गइरहने र लो-भोल्टेजको समस्यामा उल्लेख्य सुधार हुने बताए । आयोजनाको सञ्चालनसँगै कर्णालीमा ठूला उद्योगधन्दा सुरु हुने र उनीहरुले सबैभन्दा बढी विद्युत् उद्योगमा खर्च हुन सक्ने उनको भनाइ छ। पुसको तेस्रो साता स्थलगत अवलोकन गरेर कार्यकारी निर्देशक शाक्यले आयेजनाबाट छिटो चार्ज गराउने गरी काम गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका थिए ।

## साउदीमा रोजगारीको अवसर

**कम्पनी**: Esad for Human Resources Solutions & Management **शहर**: DAMMAM
**पूर्व स्वीकृति मिति**: २०८१-०७-११ **च.नं**: 60227239 L.T. No : 312777

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 74 | 0 | स.काममा दक्ष | 1000 | ३९,१६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तरवार्ता हुने मिति र स्थान:**
**बहुउद्देश्य क्यापिटल ट्रेनिङ एन्ड जब सेन्टर प्रा.लि., काठमाडौंमा २०८२ माघ २७ र २८ गते** (10 & 11 February 2026) **हुनेछ ।**
**चेम्जोङ स्किल्ड ट्रेनिङ सेन्टर प्रा.लि., मोरङमा २०८२ माघ २७ र २८ गते** (10 & 11 February 2026) **हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. २६१/०५८/०५९

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

## जापानमा रोजगारीको अवसर

**कम्पनी**: N Support Cooperative **शहर** : Niigata city
**पूर्व स्वीकृति मिति**: २०८२-०९-१४ **च.नं**: 60251609 L.T. No : 336219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFLODING / FOREMAN/INSPECTOR | 1 | 0 | स.काममा दक्ष | 182000 | १,७२,७१८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी**: Diverse Asian Industries Cooperative **शहर** : Osaka
**पूर्व स्वीकृति मिति**: २०८२-१०-०७ **च.नं**: 60251608 L.T. No : 337269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accommodation And Hospitality Manager | 0 | 1 | स.काममा दक्ष | 164233 | १,५५,८५७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २७ गते** (10 February 2026) **हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५0,000।- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ४०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**जापानीज भाषामा N4 Level पास गरेका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।**

Lic. No.: 1043/073/74
DD Human Resource Pvt. Ltd.
**डि.डि ह्युमन रिसोर्स प्रा. लि.**
सम्भुमार्ग रोड नं.१, एयरपोर्ट काठमाडौं, Phone : 01- 5901569
E-mail : contact@dd-human.com

**Kalika Municipality**

**Office of Municipal Executive**

Redcrossgram, Chitwan

**INVITATION FOR BIDS**

**First date of publication: - 2082-10-20 (3rd February, 2026)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the **Construction of following works** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (NRs.) Inclusive VAT and PS | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 18/Works/NCB/ KM/2082/083 | **Kalika Mandir Compound Wall Nirman-8** | **37,83,419.52** | 120 days from the date of Bid opening. **(Must be Valid Up to 2083-3-19 B.S (3rd July, 2026))** | **95,000.00** | **3,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
Last Date of Bids Submission Date: Before 12 PM on **2082-11-21 B.S (5th March, 2026)**
Bids Opening Date: At 13:00 PM on **2082-11-21 B.S (5th March, 2026)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**